# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्ड: ६ संख्या: अतिरिक्तांक मिति: २०८०।१२।२८

# भाग-२

बनेपा नगरपालिका

## वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालन कार्यविधि-२०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।१२।१५

प्रमाणिकरण मिति: २०८०।१२।२८

# वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालन कार्यविधि-२०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।१५**

**प्रस्तावनाः**

वृत्ति, रोजगारी, सीप तथा जीवनपर्यन्त सिकाइलाई श्रम बजारको आवश्यकता वैयक्तिक रूची, खुबी र क्षमता अनुसार दिगो, मर्यादित र व्यवस्थित रुपमा मार्ग निर्देशित गर्न युवा, विद्यार्थी, वैदेशिक रोजगारबाट फर्किएका कामदार तथा उनीहरूका परिवार, विद्यालय, स्थानीय क्लब, युवासँग सम्बन्धित संघ/संस्थालाई सूचना, परामर्श, वृत्ति एवम् मार्गनिर्देशन सेवा प्रदान गर्ने नेपाल सरकारको उद्देश्य प्राप्तिका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्न बाञ्छनीय भएकोले,

बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि (बिभाजित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बनेपा नगरपालिकाको नगर कार्यपालिकाले यो वृत्ति मार्ग निर्देशन सेवा संचालन सम्बन्धी कार्यबिधी, २०८० स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यबिधीको नाम "वृत्ति मार्ग निर्देशन सेवा संचालन सम्बन्धी कार्यबिधि",२०८० रहेको छ ।

ख) यो कार्यबिधि स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधीमाः

क) "कामदार" भन्नाले उद्योग, व्यवसायको उत्पादन वा सेवा प्रदान गर्ने कार्य तथा त्यस्तो कार्यसँग सम्बन्धित अरू कुनै आकस्मिक काम गरे बापत पारिश्रमिक दिई काममा लगाइएको व्यक्ति सम्झनु पर्दछ ।



ख) "डाटावेस प्रणाली" भन्नाले वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी परामर्शको लागि आएका सेवाग्राहीहरूको विवरण र रोजगारदाताहरुले प्रदान गर्ने सेवा तथा आवश्यक जनशक्ति सम्बन्धी विवरण राख्ने अनलाइन प्रणालीलाई सम्झनु पर्दछ ।

ग) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

घ) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको परिच्छेद २ को दफा (९१) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

ङ) "निर्देशन पुस्तिका" भन्नाले विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनका लागि तयार गरीएको पुस्तिकालाई सम्झनु पर्दछ ।

च) "युवा" भन्नाले उच्च शिक्षा वा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम हासिल गर्ने वा रोज़गारीको खोजीमा रहेका युवालाई सम्झनु पर्दछ ।

छ) "रोजगार सेवा केन्द्र" भन्नाले बागमती प्रदेश अन्तर्गत स्थानीय सरकारको मातहत संचालनमा रहेका रोजगार सेवा केन्द्रलाई सम्झनु पर्दछ ।

ज) "विद्यार्थी" भन्नाले विद्यालयमा कक्षा ८ वा सो भन्दा माथि अध्ययनरत विद्यार्थीलाई सम्झनु पर्दछ ।

झ) "विद्यालय/शैक्षिक संस्था" भन्नाले सामुदायिक र संस्थागत विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस तथा मान्यता प्राप्त तालिम प्रदायक संस्थालाई सम्झनु पर्दछ ।

ञ) "वृत्ति" भन्नाले आफ्नो ज्ञान, सीप र क्षमताको प्रयोग गरी कुनैपनि नियमित, आयमुलक र जीवनयापन गर्न सकिने पेशा वा व्यवसायलाई सम्झनु पर्दछ ।

ट) "वृत्ति जानकारी पुस्तिका" भन्नाले विभिन्न वृत्तिहरूको बारेमा विस्तृत रूपमा तयार गरीएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ठ) "वृत्ति मार्गनिर्देशन सहजकर्ता" भन्नाले वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्नको लागि तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ड) "वृत्ति मार्गनिर्देशन शिक्षक" भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयका तोकिए बमोजिम प्रशिक्षक प्रशिक्षण तालिम लिएका

शिक्षकलाई सम्झनु पर्दछ ।

ढ) "वृत्ति मार्गनिर्देशन सेवा" भन्नाले युवा, विद्यार्थी, वैदेशिक रोजगारबाट फर्किएका कामदारलाई वृत्ति मार्गनिर्देशन/परामर्शको लागि यस कार्यविधि अनुसार प्रदान गरीने सेवालाई सम्झनु पर्दछ ।

ण) "स्थानीय क्लब/संघ/संस्था" भन्नाले बागमती प्रदेश भित्र नियमानुसार दर्ता भई स्थानीय तह/स्तरमा संचालनमा रहेका युवा क्लब, स्वयंसेवामुलक/सेवामुलक संस्थाहरूलाई सम्झनु पर्दछ ।

त) "स्थानीय सरकार" भन्नाले बनेपा नगरपालिका, काभ्रेपलान्चोक सम्झनु पर्छ ।

## परिच्छेद-२
## वृत्ति मार्गनिर्देशन सेवा संचालन सम्बन्धी व्यवस्था

**३. वृत्ति मार्गनिर्देशन सेवा:**

क) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी गुणस्तरीय एवं प्रभावकारी सूचना, परामर्श प्रदान गर्नका लागि यस स्थानीय तह मातहतको कार्यालय, विद्यालय र स्थानीय उद्योग/व्यवसाय तथा युवा संजालबाट वृत्ति मार्गनिर्देशन सेवा प्रदान गरीनेछ ।

ख) सो सम्बन्धी कार्यको कार्यालय व्यवस्थापनका लागि स्थानीय तहले मातहतको कार्यालयमा वृत्ति मार्गनिर्देशन सेवा संचालन गर्न क्षमता अभिवृद्धिका लागि व्यवस्था गर्नेछ ।

**४. वृत्ति मार्गनिर्देशन अन्तर्गत प्रदान गरिने सेवा:**

क) वृत्ति मार्गनिर्देशन सम्बन्धी सूचना, जानकारी एवम् परामर्श सेवा,

खं वृत्ति, सीप, रोजगारी तथा जीवनपर्यन्त सिकाई सम्बन्धी सुचनामूलक सामग्रीको उत्पादन, प्रशारण, प्रकाशन, प्रवोधीकरण तथा वितरण सम्बन्धी सेवा,

ग) कामको खोजीमा रहेका युवा, विद्यार्थी, कामदार, शैक्षिक संस्थाको तथ्यांक, विवरणको संकलन, तालिकीकरण तथा विश्लेषण सम्बन्धी सेवा,

घ) विद्यार्थी/युवाहरूलाई साधारण, प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम सम्बन्धी सेवा,



ङ) स्थानीय तहको रोजगार सेवा केन्द्र/बिद्यालय, सिप विकास इकाईबाट प्रदान हुने सेवासँग एकीकृत हुने गरी आवश्यक समन्वय र सहकार्य सम्बन्धी सेवा,

च) श्रम बजार अनुसार योग्य जनशक्ति तयारीको लागि व्यक्तिगत विवरण (CV), अन्तर्वार्ताको तयारी तथा योग्यता जाँचबुझ कार्यहरू सम्बन्धी सेवा,

छ) सूचना, तथ्यांक तथा कार्य विवरणमा प्रविधिको माध्यमबाट सर्वसाधारणको पहुँच र उपयोगिता अभिवृद्धि सम्बन्धी सेवा,

ज) पारस्पारिक सिकाई तथा अनुभवको आदानप्रदान सम्बन्धी सेवा,

माथि उल्लेखित सेवाहरूको प्रक्रियागत विवरण अनुसूची -१ अनुरूप गर्न सकिनेछ ।

**५. सेवा प्रवाहको प्रक्रिया:**

विभिन्न प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम सञ्चालन गर्ने शिक्षालय, विद्यालय, सीप विकास इकाई तथा शिक्षा तथा वृत्ति विकास सम्बन्धी काम गर्ने संघ/संस्था मार्फत वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न अवलम्वन गर्ने प्रकिया निम्नानुसार हुनेछ।

क) वृत्ति मार्गनिर्देशन/परामर्श सेवा संचालनको विभिन्न विधि, पद्धति, सामग्री तथा उपकरणहरू मार्फत लक्षित समूहको लागि प्रदान गरिने सेवाको पहिचान गर्ने ।

ख) सिप, वृत्ति आंकलन/जाँचबुझ विधि र औजारको विकास गर्ने ।

ग) रूची र खुबीको तथ्यांक/जाँचबुझ तथा आँकलन गर्ने ।

घ) विद्यार्थी/युवावर्ग, विभिन्न व्यक्ति तथा सेवाग्राहीहरूलाई वृत्ति मार्ग निर्देशन/परामर्श सेवा प्रदान गर्नको लागि स्तरीय आचारसंहित तथा मापदण्ड तय गर्ने ।

ङ) प्रदेश स्तरीय तयार गरिएको अडियो तथा भिडियो सामग्रीको प्रययोग तथा आवश्यकता अनुसार थप सामग्रीको विकास गर्ने ।

च) अन्तरक्रियात्मक सिकाई विधिहरू संचालन गर्ने ।

छ) प्रदेश स्तरीय तयार गरिएको अनलाइन जाँच गर्ने विधिहरू लागू गर्ने ।

ञ) प्रदेश स्तरीय तयार गरिएको साइकोमेट्रीक जाँच तथा आचरण/योग्यता जाँचको लागि विभिन्न विधि/औजार (Tools) विकास गर्ने ।

झ) अनलाइन डीजीटल प्लेटफर्म मार्फत सेवाको विस्तार तथा लक्षित बर्गको पहुँच बढाउने ।

ञ) स्थानीय तह मातहतका कार्यालयहरूबाट वृत्ति मार्गनिर्देशन सेवा उपलब्ध गराउने ।

ट) वृत्ति मार्गनिर्देशन सेवालाई सूचना तथा प्रविधिको माध्यमबाट सञ्जालीकरण गर्ने ।

वृत्ति मार्गनिर्देशन सेवा प्रबाह/सञ्चालनको ढांचा अनुसूची-२ मा उल्लेख गरीएको छ ।

## परिच्छेद-३

## वृत्ति मार्गनिर्देशन सेवा संचालन सम्बन्धी संरचनात्मक व्यवस्था

**६. वृत्ति मार्गनिर्देशक समितिः**

१. वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यलाई मार्गनिर्देशन प्रदान गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः

क) नगर प्रमुख - संयोजक

ख) नगर उप-प्रमुख - सदस्य

ग) प्रमुख प्रसशाकीय अधिकृत - सदस्य

घ) सामाजिक बिकास संयोजक - सदस्य

ङ) समितिले मनोनित गरेको एक जना वडा अध्यक्ष - सदस्य

च) समितिले मनोनित गरेको एक जना प्र.अ. वृत्ति मार्गनिर्देशन इकाई भएको सामुदायिक माध्यमिक विद्यालयबाट - सदस्य

छ) निर्देशक समितिले मनोनित गरेको निजी क्षेत्रको एक जना महिला सहित दुई जना प्रतिनिधि - सदस्य

ज) समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना वृत्ति मार्गनिर्देशन शिक्षक - सदस्य

झ) रोजगार संयोजक, रोजगार सेवा केन्द्र - सदस्य

ञ) प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा - सदस्य सचिव



२) उपदफा (१) बमोजिम गठित निर्देशक समितिले आवश्यकता अनुसार विभिन्न विद्यालय/शैक्षिक संस्थाका प्रतिनिधि तथा बिज्ञहरूलाई आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ ।

३) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि तीन बर्षको हुनेछ ।

४) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठक कम्तिमा प्रत्येक तीन/तीन महिनामा हुनेछ साथै सम्बन्धी कार्यविधि समितिले आवस्यकताको निर्धारण गरे बमोजिम हुनेछ ।

५) उपदफा ९१० बमोजिम गठित निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बैठक भत्ता स्थानीय सरकारको प्रचलित नियम बमोजिम हुनेछ ।

६) वृत्ति मार्गनिर्देशन सेवाका सिकाई तथा अनुभवहरूलाई स्थानीय नीति, नियम तथा कार्यविधि निर्माण गर्नको लागि प्रेरित गर्नेरगराउने ।

**७. वृत्ति मार्गनिर्देशक समितिको काम, कर्तव्य र अधिकारः**

निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क) वृत्ति मार्गनिर्देशक सेवा संचालनको ढांचा र स्वरुप सम्वन्धमा आवश्यक मार्गनिर्देशन गर्ने ।

ख) श्रोत परिचालनको लागि स्थानीय तह मातहतको श्रोत, कार्यालय, गै.स.स. क्षेत्र तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने ।

ग) स्थानीय तह भित्र संचालन हुने वृत्ति मार्गनिर्देशन सेवाको लागि सरोकारवालाहरूबीच आवश्यक समन्वय र सहकार्य गर्ने ।

घ) संचालित सेवाको अनुगमन तथा मूल्याङ्कन एवम् आवश्यक सुधारको लागि निर्देशन गर्ने ।

**८. वृत्ति मार्गनिर्देशन सेवा कार्यान्वयन इकाई/समितिः**

वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यलाई गुणस्तरीय र प्रभावकारी कार्यान्वयनको लागि देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछः

क) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक - संयोजक

ख) सामुदायिक माध्यमिक विद्यालयको प्रधानाध्यापक मध्येबाट समितिले मननोनयन गरेको एक जना प्रधानाध्यापक - सदस्य

ग) रोजगार संयोजक - सदस्य

घ) स्थानीय युवा विकास क्षेत्रमा क्रियाशील संघ/संस्था मध्ये एक जना प्रतिनिधि - सदस्य

ङ) स्थानीय उद्योग/ब्यबसाय संघ/महासंघ मध्ये एक जना प्रतिनिधि - सदस्य

च) शाखा अधिकृत, युवा तथा खेलकुद शाखा - सदस्य सचिव

प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम क्षेत्र र वृत्ति मार्ग निर्देशन सेवामा क्रियाशील संघ/संस्थाको प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

**९. वृत्ति मार्गनिर्देशन सेवा कार्यन्वयन समितिको काम, कर्तव्य र अधिकार:**

१) वृत्ति मार्गनिर्देशन सेवारकार्यक्रम स्थानीय तहमा संचालनको लागि कार्यान्वयन समितिकोकाम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) स्थानीय तहमा वृत्ति मार्गनिर्देशन कार्यक्रमको योजना तर्जुमा गरी संचालनमा सहयोग गर्ने ।

ख) वृत्ति मार्गनिर्देशन सेवा संचालनको लागि प्राथमिकताको आधारमा छनौट कार्य गर्ने ।

ग) विद्यालयहरूमा वृत्ति मार्गनिर्देशन इकाई स्थापना, व्यवस्थापन तथा आवश्यक अभिमुखीकरण कार्यको लागि सहजीकरण गर्ने ।

घ) वृत्ति मार्गनिर्देशन सेवा/कार्यक्रमको विस्तारको लागि आवश्यक श्रोत तथा जनशक्तिको व्यवस्थापनको लागि सहजीकरण गर्ने ।

ङ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यक्रमहरूको एकरूपता तथा गुणस्तरीयताको लागि सरोकारवालाहरू बीच आवश्यक समन्वय र सहकार्य गर्ने ।

च) विद्यालयमा वृत्ति परामर्श/मार्गनिर्देशन व्यवस्थापन सिप (Career Management Skills) सम्बन्धी कार्यहरू संचालन गर्ने ।

छ) वृत्ति मार्गनिर्देशन शिक्षक मार्फत विद्यालयमा विद्यार्थीहरूको ज्ञान,



सीप, क्षमता विकासलाई श्रम बजारसँग आबद्ध गर्ने गरी आवश्यक वृत्ति विकासको लागि सहजीकरण गर्ने ।

ज) शिक्षा, तालिम तथा वृत्ति विकास सम्बन्धी काम गर्ने संघरसंस्था सँग समन्वय गरी एकिकृत रूपमा कार्य संचालनमा टेवा पुऱ्याउने ।

झ) संचालित सेवाको अनुगमन तथा मूल्याङ्कन गरी तथ्यांक तथा विवरणको अनलाइन तथा अफलाइन अभिलेखीकरण गर्ने ।

ञ) वृत्ति मार्गनिर्देशन सेवा प्रवाहको लागि सम्वन्धित सरोकारवालाहरू (शिक्षक, विद्यार्थी, स्थानीय सरकार र उद्योग) सँग समन्वय गर्ने ।

ट) शिक्षकहरूका लागि वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन सम्बन्धी तालिम, पुनर्ताजगी तालिमको लागि सहयोग र सहजिकरण गर्ने ।

ठ) युवा तथा अन्य सेवाग्राहीलाई वृत्ति विकास सम्वन्धि जानकारीको लागि भौतिक वा अनलाइनको माध्यमबाट वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्ने।

ड) वृत्ति मार्गनिर्देशन/परामर्श तथा रोजगाार मेला आयोजनाको लागि समन्वय तथा सहयोग गर्ने ।

ढ) स्थानीय तहको समन्वयमा वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन तथा सुपरिवेक्षण गर्ने र आवश्यक पृष्ठ पोषण र सल्लाह सुझाव दिने ।

ण) विभिन्न कार्यक्रमको माध्यमबाट वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमबारे वृहत रूपमा प्रचार प्रसार गर्ने ।

**१०. वृत्ति मार्गनिर्देशन सहजकर्ताको काम, कर्तव्य र अधिकार:**

क) विद्यार्थी/युवालाई सामूहिक र व्यक्तिगत रूपमा वृत्ति मार्गनिर्देशन सम्बन्धी निर्देशन/परामर्श सेवा प्रदान गर्ने ।

ख) सेवाग्राहीहरूको तथ्यांक सूचनाहरू संकलन गरी सुरक्षित राख्ने ।

ग) सेवा प्रदान गर्ने कक्षलाई व्यवस्थित गरेर राख्ने ।

घ) आवश्यक सामाग्रीहरू सुरक्षित साथ मिलाएर राख्ने ।

ङ) वृत्ति मार्गनिर्देशन सेवासँग सम्बन्धित सम्पूर्ण अभिलेखहरू सुरक्षित रूपमा राख्ने ।

वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्नको लागि थप जनशक्ति वृत्ति मार्गनिर्देशन संयोजक/सहजकर्ता छनौटको मापदण्ड अनुसूची-तीन बमोजिम हुनेछ ।

**११. वृत्ति मार्गनिर्देशक शिक्षकको काम, कर्तव्य र अधिकारः**

वृत्ति मार्गनिर्देशन शिक्षकको काम, कर्तव्य र अधिकार बमोजिम हुनेछ ।

क) प्रधानाध्यापक/विद्यालय व्यवस्थापन समितिसँग छलफल गरी वृत्ति मार्गनिर्देशन कार्यक्रमको सत्र योजना बनाउने र सम्बन्धित सरोकारवालाहरूलाई पठाउने ।

ख) वृत्ति मार्गनिर्देशन गाइड बुक अनुसार विद्यार्थीहरूलाई वृत्ति मार्गनिर्देशन सत्रहरु संचालन गर्ने ।

ग) विद्यालयमा हुने वृत्ति मार्गनिर्देशन वारे अभिभावक तथा अन्य सरोकारवालाहरूसँग छलफल र समन्वय गर्ने ।

घ) वृत्ति मार्गनिर्देशन सत्रका सबै कागजातहरु अद्यावधिक गरी दुरूस्त राख्ने ।

ङ) विद्यार्थीहरूले कार्यक्रममा कार्यपुस्तिका सही तरिकाले भरेको सुनिश्चित गर्ने र निर्देशन पुस्तिका अनुसार सत्रको समयमा विद्यार्थीहरूलाई सहजीकरण गर्ने ।

च) वृत्ति मार्गनिर्देशन सत्र समापन प्रतिवेदन तयार गरी खर्चको बिल, भर्पाइ सहित निकासाको लागि सम्बन्धित स्थानीय तहमा पेश गर्ने ।

छ) विद्यार्थीहरूको व्यक्तिगत विवरण सहित छनौट गरेका वृत्तिहरू डाटाबेसमा प्रविष्ट गर्ने ।

ज) वृत्ति मार्गनिर्देशन कर्यक्रमको सबै सत्रहरूमा विद्यार्थीहरूको अनिवार्य उपस्थिति गराउने ।

**१२. बिद्यालयस्तरमा वृत्ति मार्ग निर्देशन इकाई गठनः**

१) विद्यालयमा वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रम गुणस्तरीय र प्रभावकारी कार्यान्वयन तथा सेवा प्रदानको लागि बिद्यालय स्तरमा देहाय बामोजिमको वृत्ति मार्गनिर्देशन इकाई गठन गरिनेछः

क) प्रधानाध्यापक - सामुदायिक र संस्थागत बिद्यालय - संयोजक

ख) बिद्यालय ब्यबस्थापन समितिका तोकिएको सदस्य - सदस्य

ग) वृति मार्गनिर्देशन शिक्षकहरू - सामुदायिक/संस्थागत बिद्यालय - सदस्य



२) उपदफा (११ बमोजिम गठित वृत्ति मार्गनिर्देशन इकाईको आवश्यकता अनुसार विभिन्न विद्यालय/शैक्षिक संस्थाका प्रतिनिधि तथा बिज्ञहरूलाई आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ ।

३) उपदफा (१) बमोजिम मनोनित सदस्यको हकमा आवश्यकता अनुसार पदावधिको जिम्मेवारी परिवर्तन गर्न सक्नेछ ।

४) उपदफा (१) बमोजिम गठित वृत्ति मार्गनिर्देशन इकाईको बैठक कम्तिमा प्रत्येक दुई/दुई महिनामा हुनेछ साथै सम्बन्धी आवश्यकता अनुसार संचालन गर्न सक्नेछ ।

**१३. बिद्यालयस्तरमा वृत्ति मार्गनिर्देशन सेवा इकाईको काम, कर्तव्य र अधिकारः**

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त वृत्ति मार्गनिर्देशन इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) बिद्यालयस्तरमा वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी हुनेछ ।

ख) वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालनको लागि कार्यक्रम र योजना तर्जुमा गरी स्थानीय तह गाउँ/नगर कार्यपालिकामा पेश गर्ने ।

ग) वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालनको लागि योजना तयार गरी कार्यक्रम संचालन गर्ने/गराउने ।

घ) वृत्ति मार्गनिर्देशन सेवालाई बिद्यालयदेखि श्रम बजारसम्म जोड्नको लागि तयारी क्रियाकलापहरू जस्तैः व्यक्तिगत बिवरण लेखन, अन्तरबार्ता तयारी, प्रस्तुती सम्बन्धि सिपहरू, काम खोज्ने पोर्टलहरू, बिधार्थीहरूको वृत्ति छनौटको प्रमाण-पत्र आदि कार्यहरू संचालनमा गर्ने गराउने । साथै स्थानीय तहमा रहेका उद्योगहरूसँगको अन्तरर्क्रिया तथा उद्योग अबलोकन र बिद्यालयमा हुने अन्य क्रियाकलापहरू जस्तैः निबन्ध प्रतियोगिता, चित्रकला, नृत्य आदिलाई वृत्ति विकासको अवधारणासँग जोड्ने ।

ङ) वृत्ति मार्गनिर्देशन कार्यक्रमको अनुगमन तथा मूल्यांकन र समिक्षा गरी गुणस्तर अभिवृद्धि गर्ने सम्बन्धमा आवश्यक सुझाव र पृष्ठपोषण दिने ।

च) वृत्ति मार्गनिर्देशन शिक्षकको क्षमता अभिवृद्धिको लागि स्थानीय सरकार, प्रदेश सरकार वा वृत्ति मार्गनिर्देशन सेवा केन्द्रसँग समन्वयन तथा सहकार्य गर्ने ।

छ) वृत्ति मार्गनिर्देशन सेवाको स्थानीय शैक्षिक क्यालेण्डरमा अन्य क्रियाकलापहरूलाई मिलन गरि सेवा प्रबाहको लागि आवश्यक समन्वय र सहकार्य गर्ने ।

ज) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यलाई गुणस्तरीय र प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता अनुसार वृत्ति मार्गनिर्देशन सेवा केन्द्र र प्रदेश सरकारसँग समन्वय र सहजीकरण गर्ने ।

## परिच्छेद - ४

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनमा विभिन्न निकायहरूको जिम्मेवारी

**१४. स्थानीय तहको काम, कर्तव्य र अधिकार:**

क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने ।

ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि रोजगार सेवा केन्द्र, माध्यमिक विद्यालयहरू परिचालन गर्ने ।

ग) वृत्ति मार्गनिर्देशन सेवामा आवद्ध जनशक्तिलाई क्षमता अभिवृद्धि तालिमको लागि सहयोग गर्ने ।

घ) आवश्यक पर्ने सूचना, संचार तथा सिकाई सामाग्रीको लागि सहयोग गर्ने ।

ङ) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि प्राविधिक सहयोग गर्ने ।

च) वृत्ति मार्गनिर्देशन सेवाको लागि आवश्यक सूचना, तथ्यांक तथा विवरणको डाटावेश प्रणाली विकासको लागि सरकारी, गैह्र सरकारी, विकास साझेदार तथा निजि क्षेत्रसँग समन्वय तथा सहकार्य गर्ने ।

छ) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग संचार तथा समन्वय गर्ने ।

ज) वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन, अवलोकन तथा सिकाईलाई संस्थागत गर्ने ।

**१५. निजि क्षेत्र तथा उद्योग व्यवसायी संघ/महासंघ काम कर्तव्य र अधिकार:**

क) वृत्ति मार्गनिर्देशन सेवा संचालनको लागि सहयोग तथा समन्वय गर्ने ।



ख) बजारको माग अनुसारको आवश्यक सिप तथा क्षमताको पहिचान गरी जानकारी उपलब्ध गराउने ।

ग) श्रम बजारको अबस्थाको जानकारी तथा अभिमुखीकरणको लागि सहजीकरण गर्ने ।

घ) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि विभिन्न उद्योग व्यवसाय मार्फत सहजीकरण गर्ने ।

ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने ।

च) वृत्ति मार्गनिर्देशन सेवाको आवश्यक सूचना, तथ्यांक साथै सिकाई र असल अभ्यासलाई प्रचार प्रसार गर्ने ।

छ) वृत्ति विकास कार्यमा संलग्न जनशक्तिलाई क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने ।

ज) वृत्ति विकास सेवालाई दिगो तथा प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने ।

**१६. प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम शिक्षालय/विद्यालय/संस्थाको काम कर्तव्य र अधिकार:**

क) वृत्ति मार्गनिर्देशन सेवा संचालनको लागि सहयोग तथा समन्वय गर्ने ।

ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि सहजीकरण गर्ने ।

ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालाहरूसँग सञ्चार तथा समन्वय गर्ने ।

घ) वृत्ति मार्गनिर्देशन सेवाको अवलोकन तथा सिकाई लाई प्रचार प्रसार गर्ने ।

ङ) रोजगार पदस्थापन तथा वृत्ति मार्ग निर्देशन सेवा कार्यान्वयन इकाई मार्फत वृत्ति मार्गनिर्देशनमा पहुँच अभिवृद्धिका लागि सहयोग गर्ने ।

च) आवश्यक पर्ने सूचना शिक्षा सञ्चार सम्बन्धी प्रचार प्रसारको लागि सहयोग गर्ने ।

छ) वृत्ति विकास सेवालाई दिगो तथा प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने ।

ज) वृत्ति मार्गनिर्देशन सेवाको बारेमा सम्बन्धित सम्पूर्ण विद्यार्थी तथा

अभिभावकलाई जानकारी गराउने ।

**१७. युवा परिषद्/युवा क्लब/संजालको काम कर्तव्य र अधिकार:**

क) वृत्ति मार्गनिर्देशन सेवाहरूको बारेमा प्रचार प्रसारको लागि सहयोग तथा समन्वय गर्ने ।

ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि आवश्यक सहयोग गर्ने ।

ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने ।

घ) वृत्ति मार्गनिर्देशन सेवाको सिकाई र असल अभ्यासलाई प्रचार प्रसार गर्ने ।

ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगो तथा प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने ।

**१८. शिक्षा क्षेत्रमा कार्यरत संघ/महासंघ:**

क) वृत्ति मार्गनिर्देशन सेवाहरूको बारेमा प्रचार प्रसारको लागि सहयोग तथा समन्वय गर्ने ।

ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि आवश्यक सहयोग गर्ने ।

ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने ।

घ) वृत्ति मार्गनिर्देशन सेवाको सिकाई र असल अभ्यासलाई प्रचार प्रसार गर्ने ।

ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगो तथा प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि मातहतका बिद्यालयलाई समन्वयात्मक सहयोग गर्ने ।

**१९. विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको काम, कर्तव्य/अधिकार:**

विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहसँग द्विपक्षीय सम्झौताको लागि पहल गर्ने ।

ख) वृत्ति मार्गनिर्देशन सत्रको अनुगमन तथा सुपरिवेक्षण गरी गुणस्तर



सुनिश्चित गर्ने ।

ग) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि चाहिने आवश्यक सामग्रीको व्यवस्थापन गर्न पहल गर्ने ।

घ) सिकाई सामग्रीहरू विद्यालयमा सुरक्षित राख्ने व्यवस्था गर्ने

ङ) वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालनका लागि शिक्षक छनौट गर्ने ।

च) छनौट भएका शिक्षकहरुलाई वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन सम्बन्धी तालिम, पुनर्ताजगी तालिममा पठाउने ।

छ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी प्राविधिक सहयोगको लागि स्थानीय तह र वृत्ति मार्गनिर्देशन सेवा केन्द्रसँग समन्वयन गर्ने ।

ज) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि आवश्यक सम्पूर्ण व्यवस्थापनमा सहयोग गर्ने ।

## परिच्छेद-५

## वृत्ति मार्गनिर्देशन कर्यक्रमको लक्षित वर्ग, विद्यालय छनौट, मानव संशाधन र क्षमता अभिवृद्धि

**२०. वृत्ति मार्गनिर्देशन कर्यक्रमको उद्देश्य:**

विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालन गर्नुको मुख्य उद्देश्य देहाय वमोजिम रहेकोछ :

क) विद्यार्थीहरूले वृत्ति विकासको अवधारणाहरूको बारेमा जानकारी पाउनेछन ।

ख) विद्यार्थीहरूले आफ्नो रूची, खुबी र क्षमताअनुसार वृत्तिको छनौट तथा सो को तयारी गर्ने सम्बन्धि जानकारी पाउनेछन ।

ग) विद्यार्थीहरूले शिक्षाको संसार र श्रम बजार बारे जानकारी पाउनेछन् ।

घ) विद्यार्थीहरूले क्षमता र छनौट गरेको वृत्तिको आधारमा लक्ष्य तय गरी व्यक्तिगत योजना बनाउन सक्षम हुनेछन ।

ङ) विद्यार्थीहरूले नेपालको शिक्षा प्रणाली र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको बारेमा जानकारी पाउनेछन ।

सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका विद्यार्थीहरु यस सेवाको लक्षित वर्ग हुनेछ ।

२१. **विद्यालय छनौटका आधार**:

क) वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालनको लागि स्थानीय तह अन्तर्गतका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरूको संख्या, कार्यक्रम प्रतिको रूची तथा कार्यसम्पादनको आधारमा छनौट गर्नु पर्छ ।

ख) वृत्ति मार्गनिर्देशन सेवा संचालनको लागि विद्यालय (सामुदायिक तथा संस्थागत) अनुसूची-चार बमोजिम छनौट गर्नु पर्नेछ ।

ग) वृत्ति मार्गनिर्देशन कार्यक्रमको लागि एक पटक विद्यालय छनौट भएपछि नियमित रूपमा प्रत्येक वर्ष कार्यक्रम संचालन गर्नु पर्नेछ ।

२२. **मानव संशाधनको व्यवस्था**:

क) विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालन गर्न कम्तिमा दुई जना वृत्ति मार्गनिर्देशन शिक्षकहरूको छनौट गर्नु पर्नेछ । विद्यार्थी संख्याको आधारमा वृत्ति मार्गनिर्देशन शिक्षक संख्या बढाउन सकिनेछ, यी शिक्षकहरूलाई सम्बन्धित विद्यालयले छनौट गर्नेछ ।

ख) उपदफा (११ बमोजिम विद्यालयले वृत्ति मार्गनिर्देशन शिक्षकको छनौट गर्दा देहायको योग्यता तथा मापदण्ड अनुसार प्राथमिकता दिनु पर्नेछ।

- स्थायी शिक्षकहुनु पर्ने ।
- सम्भव भएसम्म माध्यमिक तहको शिक्षक हुनु पर्ने ।
- वृत्ति मार्गनिर्देशन शिक्षकको रूपमा काम गर्न इच्छा भएको हुनु पर्ने ।
- लोकप्रिय, मिलनसार र सहजीकरण क्षमता भएको हुनु पर्ने ।
- सामाजिक, विज्ञान, नेपाली वा अंग्रेजी पढाउने शिक्षकलाई वढी ग्राहयता दिने ।
- एउटा विद्यालयबाट एक पुरूष र एक महिला शिक्षक हुनु पर्ने ।
- कम्प्युटर तथा डाटाबेश प्रणाली सम्बन्धि ज्ञान भएको हुनु पर्ने ।

ग) वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालन गर्न छनौट भएका शिक्षकहरूको सेवा सुविधाको नर्म्स अनुसारनिर्देशक समितिले कार्यपालिकामा भएको छलफल तथा निर्णय अनुसार गर्नेछ ।

२३. **क्षमता अभिवृद्धि तालिमको व्यवस्था**:

वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालनको लागि छनौट गरिएका शिक्षकहरूको क्षमता अभिवृद्धिको लागि स्थानीय तहले प्रदेश स्तरीय वृत्ति मार्गनिर्देशन



सेवा केन्द्रसंग समन्वय गरी निर्देशक समितिको सिफारिसमा आफ्नै श्रोत अथवा अन्य सरोकारवालाहरूको समन्वयमा प्रशिक्षक प्रशिक्षण (७ दिने ToT) तालिम संचालन गर्नेछ ।

## परिच्छेद-६

## अनुगमन तथा सुपरीवेक्षण सम्वन्धी व्यवस्था

२४. **वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन तथा सुपरीवेक्षण**:

वृत्ति मार्गनिर्देशन सेवाको गुणस्तरीयता र प्रभावकारीताको लागि अनुगमन तथा सुपरीवेक्षण शिक्षा, यूवा तथा खेलकूद शाखा, निर्देशक समिति र स्थानीय तहबाट हुनेछ। विद्यालयमा संचालन वृत्ति मार्गनिर्देशन कार्यक्रमको समय समयमा स्थानीय तह लगायत सम्बन्धित निकायबाट अनुगमन गरी आवश्यक सल्लाह सुझाव एवं पृष्ठपोषण दिन सक्नेछ साथै अनुगमन तथा सुपरीवेक्षण बापत प्रतिदिन एक हजार रूपैयाँ दिइनेछ ।

२५. **प्रतिवेदन सम्बन्धमा**:

वृत्ति मार्गनिर्देशन सेवाको कार्यक्रम सम्पन भइसके पछिविद्यालयले त्रैमासिक/बार्षिक प्रतिवेदन स्थानीय तह र निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ । त्रैमासिक/बार्षिक प्रतिवेदनको ढाँचा अनुसूची-पाँच बमोजिम हुनेछ साथै वृत्ति मार्गनिर्देशन शिक्षकले विद्यार्थीहरूले छनौट गरेको वृत्तिहरू अनलाइन डाटावेसमा प्रविष्ट गरी सोको प्रतिलिपि प्रगति प्रतिवेदनसँगै निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद -७

## विविध

२६. **सेवा शुल्क सम्बन्धी व्यवस्था**:

वृत्ति मार्गनिर्देशन सेवा (सूचना, परामर्श, तथा अन्य सेवा) उपलब्ध गराए बापत सेवाग्राहीबाट कुनै किसिमको शुल्क लिन पाइने छैन ।

२७. **जिन्सी सामान स्वीकार गर्न सक्ने**:

नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूले वृत्ति मार्गनिर्देशन कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयनको लागि आवश्यक

नगद बाहेक अन्य जिन्सी सामग्रीहरू प्रदान गर्न चाहेमा प्रचलित कानुन बमोजिमको प्रक्रिया पुरा गरी स्थानीय तहको सहमतिमा निर्देशक समितिले निर्णय गरी उक्त सामग्रीहरू स्वीकार गर्न सक्नेछ ।

**२६. वृत्ति मार्गनिर्देशन कार्यक्रमको दीगोपन:**

वृत्ति मार्गनिर्देशन कार्यक्रमको दीगोपनाको निम्ति तिनै तहको सरकारहरू (संघीय, प्रदेश र स्थानीय) बीच समन्वय गरी बजेट साझेदारीमा कार्यक्रम संचालन गर्न सकिनेछ ।

**२७. बाधा अड्चन फुकाउने अधिकार:**

यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा प्रचलित कानूनको अधिनमा रही बाधा अड्चन फुकाउने कार्य स्थानीय तहले गर्नेछ ।

**२८. कार्यबिधी संशोधन:**

यस कार्यविधिलाई आवश्यक अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।



अनुसूची-१

सम्भावित सेवाहरुको प्रक्रियागत विवरण:

| प्रदान सेवाहरु | उद्देश्य | सम्भावित कार्यहरु | संचालन प्रक्रिया |
|---|---|---|---|
| व्यक्तिगत विवरणको विश्लेषण तथा मूल्याङ्कन | विद्यार्थी तथा युवाहरुको व्यक्तिगत पृष्ठभूमीको आधारमा सान्दर्भिक सुचनाहरुको बारेमा जानकारी दिनु । | व्यक्तिगत तथ्यांक फाराम भर्ने | चालु शैक्षिक सत्रका कक्षा ८, ९ र १० का विद्यार्थीहरुको अन्तिम सुचीको नामावली संकलन गर्ने ।<br>बेरोजगार युवाहरुको रोजगार सेवा केन्द्रसँग समन्वय गरी सुची तयार गर्ने । |
| | विभिन्न शैक्षिक धारमा जान चाहने इच्छुक विद्यार्थी तथा युवाहरुलाई नयाँ तथा सम्मानित पेशाहरुमा जानकारी गरी आकर्षित वातावरणको लागि आवश्यक सेवाहरु (transition services) प्रदान गर्नु । | विभिन्न शैक्षिक धारमा जान चाहने इच्छुक विद्यार्थी तथा युवाहरुसँगको छलफल तथा अन्तरवार्ता | विभिन्न शैक्षिक धारमा जान चाहने इच्छुक विद्यार्थी तथा युवाहरुसँगको अन्तरवार्ताको लागि प्रधानाध्यापक, स्थानीय तहसँग समन्वय गर्ने । |
| | विगतमा विद्यालयले गरेको भएको समग्र कार्यसम्पादनको जानकारी तथा उतीर्ण परिणामको विवरणको तयारी गर्नु । | विद्यालय प्रशासन तथा प्रधानाध्यपकहरुसँगको छलफल तथा सम्मेलन | विद्यालय प्रशासन तथा प्रधानाध्यपकहरुसंगको छलफल तथा सम्मेलन लागि पत्रचार तथा सूचना सम्प्रेषण गर्ने । |

| प्रदान सेवाहरु | उद्देश्य | सम्भावित कार्यहरु | संचालन प्रक्रिया |
|---|---|---|---|
| सूचना तथा जानकारी प्रवाह | वृत्ति मार्ग-निर्देशन कार्यक्रमको अवधारणा र महत्त्व पाठ्यक्रम र सिकाइ सामग्रीहरुका समावेश गर्न सहयोग गर्नु । | वृत्ति सम्बन्धी चेतना अभिवृद्धि | वृत्ति मार्ग-निर्देशन कार्यक्रमको प्रस्तुति सम्बन्धी शिक्षक तथा प्रशासनका कर्मचारी सम्बन्धी बैठक तथा तयारी गर्ने । |
| | शैक्षिक संस्थाहरुमा अध्ययन हुने विषयवस्तु र वृत्ति मार्ग निर्देशनको सम्बन्धमा अनुसन्धान मार्फत् वृत्ति विकासको छनौटमा सहयोग गर्नु । | प्रक्षिक्षण मार्फत वास्तविक जाँचबुझ<br>आफ्नो दृष्टि (vision) को छनौट | वृत्ति विकास संग्रहको ग्यालरी बनाई विद्यार्थी तथा युवाहरुलाई अवलोकन गर्ने,विभिन्न कक्षाका विद्यार्थीहरु जम्मा गरी आफ्नो रुची र खुबी अनुसार व्यक्तिगत वृत्तिको छनौट गर्ने । |
| | समतामुलक समाज निर्माणमा योगदान गर्नको लागि आफुले छनौट गरेको वृत्तिको महत्त्व र औचित्यको पहिचान गर्ने । | अनुभवी विज्ञहरुको सिकाई आदान प्रदान गर्ने । | विभिन्न क्षेत्रबाट अभिभावकहरुलाई आफ्नो वृत्तिविकासको तयारी, अनुभव र सिकाईहरु आदान प्रदान लगाउने । |
| | संचालन भएका कार्यहरुबाट विद्यार्थी तथा युवाहरुले सिकाइको बारेमा समीक्षा गरी विद्यार्थीहरुलाई सहजीकरण गर्नु । | समीक्षा तथा योजना कार्यशाला संचालन गर्ने । | विद्यार्थी तथा युवाहरुले आफ्नो आफ्नो सिकाई तथा अनुभवको समीक्षा कागजमा लेख्न लगाउने |




| प्रदान सेवाहरु | उद्देश्य | सम्भावित कार्यहरु | संचालन प्रक्रिया |
|---|---|---|---|
| परामर्श | वृत्ति छनौटमा कठिनाइ भएका विद्यार्थी तथा युवाहरुलाई परामर्श तथा सहयोग प्रदान गर्नु । | व्यक्तिगत परामर्श | व्यक्तिगत परामर्श संचालन गर्ने । |
| | विद्यार्थी तथा युवाहरुले आफ्नो इच्छा गरेको पेशा र वास्तविक जिबनमा हासिल गरेका शैक्षिक उपलब्धिहरुको विश्लेषण गर्नु । | वृत्ति विश्लेषण प्रोफाइल सिट | वृत्ति सम्पन्नमा विद्यार्थी तथा युवाहरुसँग छलफल तथा अन्तर्क्रिया गर्ने । |
| पदस्थापन (Placement Support) | व्यक्तिगत आचरण/व्यवहारले शैक्षिक/व्यावसायीक तथा वृत्ति विकासमा पार्ने प्रभाव प्रस्तुति गर्नु | आफ्नो क्षमता र पहिचानको बारेमा अनलाईन गेम मार्फत आकलन गर्ने/गराउने। | व्यक्तिगत रूची र आचरणको लागि ग्रेडस्तर मूल्याङ्कन गर्ने । |
| | विद्यार्थी तथा युवाहरुलाई उनीहरुको क्षमता अनुसार कार्यको लागि उपयुक्त टाउँको पदस्थापनको लागि गाइड गर्नु । | आफु सुहाउँदो ठाउँ कामको संसारमा पत्ता लगाउने विभिन्न गोष्ठी तथा Symposium हरु संचालन गर्ने । | वृत्ति मार्गनिर्देशन क्रियाकलापहरुको योजनाको लागि विद्यालय प्रशासन तथा शिक्षकहरुसँग गोष्ठी/कन्फरेन्स गर्ने । |
| | वृत्ति विकासको लागि विद्यालय र श्रम बजारसँगको अन्तरसम्बन्ध विस्तार गर्न पुलको भूमिका निर्वाह गर्नु । | आफ्नो वृत्ति विकासको तयारीको लागि सोधखोज गर्ने । | |

| प्रदान सेवाहरु | उद्देश्य | सम्भावित कार्यहरु | संचालन प्रक्रिया |
|---|---|---|---|
| | आफ्नो गन्तव्यमा कसरी पुग्ने भन्ने भविष्यको योजना तयारी गर्न व्यक्तिले सिक्नु पर्ने विषयहरु बारेमा सचेत गराउनु । | वृत्ति पाश्वचित्र वा गोष्ठी वा वृत्ति अन्तरवार्ता गर्ने । | |
| | कामले व्यक्तिगत तथा पारिवारिक तहमा ठुलो प्रभाव पर्दछ भन्ने बुझाईको विकास गर्नु । | वृत्ति मेला तथा श्रम बजार मेला | |
| | छनौट गरिएको वृत्तिको सफलताको लागि अपनाईएको उत्प्रेरणा तथा प्रयास तय गर्नु | आफ्नो भविष्को तयारीको लागि आफैलाई पत्र वा समीक्षा | |
| रिफरल सेवा | विशेष आवश्यकता र ध्यान केन्द्रित गर्नुपर्ने विद्यार्थी तथा युवाहरुलाई सहयोग गर्नु । | विद्यार्थी तथा युवाको ट्र्याक रेकर्ड तथा प्रतिवेदन हेरी विश्लेषण गर्ने । | यस्ता मुद्दाको लागि उपयुक्त व्यक्तिको सहयोगको लागि समन्वय गर्ने । |
| अनुसन्धान (कम्तिमा एउटा अध्ययन गर्ने क्षेत्रको छोटो लेख लेख्ने) तथा मूल्याङ्कन | विभिन्न अनुसन्धान विधिहरु मार्फत आफ्नो वृत्ति छनौट गर्नको लागि विद्यालय, घर, तथा समुदायमा उपलब्ध श्रोतहरुको उपयोग गर्न विद्यार्थीहरुलाई सहयोग गर्नु । | प्रयोगात्मक क्रियाकलापको वृत्ति छनौटमा भूमिका यकिन गर्ने । | वृत्ति अनुसन्धान प्रस्तुती तथा छलफल |
| | शैक्षिक वर्षभित्र संचालित क्रियाकलापहरुको प्रभाव मूल्याङ्कन गर्नु । | सर्वेक्षण गर्ने | विद्यार्थी, अभिभावक, शिक्षक तथा प्रशासनका कर्मचारीहरुलाई सर्वेक्षण सिट प्रदान गर्ने । |



अनुसूची–२

वृत्ति मार्गनिर्देशनसेवा सञ्चालनको ढाँचा



## अनुसूची-३

### वृत्ति मार्गनिर्देशन सेवाको लागि संयोजक/सहजकर्ताको योग्यता तथा छनौट मापदण्ड

सेवा संचालन रहेको कार्यालयको अधिकृत स्तरको जनशक्तिलाई संयोजक, सहजकर्ता र व्यवस्थापकको रूपमा जिम्मेवारी प्रदान गर्न सकिनेछ । उक्त जनशक्तिलाई सेवा सम्बन्धी साथै अन्य थप कर्मचारीहरूको आवश्यकता भएमा वा कुनै सङ्घ संस्थाहरूबाट जनशक्ति उपलब्ध गराउन चाहेका तपशिल अनुसार हुनुपर्नेछ ।

क) मनोसामाजिक, समाजशास्त्र वा अन्य विषयमा स्नातकोत्तर पास भएको हुनुपर्ने ।

ख) सम्बन्धित क्षेत्रमा कम्तिमा १ वर्षको अनुभव भएको हुनुपर्ने ।

ग) वृत्ति मार्ग निर्देशन/परामर्श सम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्ने ।

घ) कम्प्युटर सम्बन्धी जानकारी भएको हुनुपर्ने ।

ङ) नेपाली र अंग्रेजी भाषा लेख्न र बोल्न सक्ने हुनुपर्ने ।

च) समन्वय/सहजीकरण गर्न सक्ने क्षमता भएको हुनुपर्ने ।

छ) प्रतिवेदन लेख्न सक्ने हुनुपर्ने ।

ज) वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको समग्र व्यवस्थापन गर्न सक्ने क्षमता भएको हुनुपर्ने ।



## अनुसूची-४

### विद्यालय छनौटका आधार

वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालनको लागि सामुदायिक तथा संस्थागत विद्यालय छनौटका आधार निम्न बमोजिम हुनेछ ।

१. माध्यमिक स्तरको विद्यालय हुनुपर्ने र
२. बिपन्न तथा पिछडीएको वर्गको विद्याथीहरूको सहभागिता भएको विद्यालयलाई प्राथमिकता हुनुपर्ने ।
३. दुर्गममा अवस्थित विद्यालयहरुलाई प्राथमिकता दिनुपर्ने ।
४. बिगतको कार्यक्रम सम्पादनको मूल्यांकनको आधारमा ।

अनुसूची-५

## वृत्ति मार्गनिर्देशन कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा

### वृत्ति मार्गनिर्देशन सेवा संचालन

**सम्पन्न प्रतिवेदन**

(प्रतिवेदन अवधिः मिति .............. देखि मिति .............. सम्म)

**प्रतिवेदन पेश गरिएको संस्थाः**

बनेपा नगरपालिका

काभ्रेपलान्चोक

**प्रतिवेदन पेश गर्ने संस्थाः**

..............................

....................



## वृत्ति मार्गनिर्देशन कार्यक्रम सम्पन प्रतिवेदन

क) कार्यक्रमको परिचय :

ख) कार्यक्रमको उद्देश्य :

ग) वृत्ति मार्गनिर्देशन सम्बन्धी विस्तृत प्रगति विवरण

१) सेवाग्राहीको संख्यात्मक विवरणः

| क.सं. | वृत्ति सेवा | सेवाग्राही संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १. | | | | |
| २. | | | | |
| | | | | |
| जम्मा सेवाग्राही संख्या | | | | |

२) वृत्ति परामर्श सम्बन्धी भएका कक्षाहरुको विवरणः

| क. सं. | विषय | घण्टा |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

घ) युवा/विद्यार्थीहरुको अनुभवः

ङ) वृत्ति मार्गनिर्देशक परमर्शकर्ताको अनुभव तथा सिकाइः

च) वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको समग्र अनुभव तथा सिकाइः

छ) समग्र उपलब्धिहरुः

ज) सुधारको लागि सुझाव तथा सल्लाहः

झ) अनुसूची

**आज्ञाले,**
**भोला प्रसाद चापागाई**
**प्रमुख प्रशासकीय अधिकृत**